# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन ४ गते २०२१ साल

नेपाल लोकसेवा आयोगको
विज्ञापन

निम्नलिखित विभाग, अड्डाहरूलाई निम्न लेखिएबमोजिम पदहरू चाहिएका छन्। योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको प.स.क. फा नं. १ (२०२१) को दरखास्त फाराममा आफ्नो विवरण स्पष्ट भरी, निम्नलिखित दस्तूरसहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनु पर्छ। दरखास्त दिंदा आफूले पाएको शुरूदेखिको सक्कल प्रमाणपत्र र मार्कशिटका नक्कलहरू, उमेर खुलेको प्रमाणपत्रको नक्कल एवं नागरिकताको प्रमाणपत्रसमेत सबै शामेल राखी पेश गर्नुपर्छ। पेश गरेका प्रमाणपत्रहरूको सक्कलप्रति अन्तर्वार्ताको दिनमा साथै लिई आउनु पर्छ। योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा यस आयोगसंग सम्पर्क नराखेमा परीक्षाको वा अन्तर्वार्ताको निमित्त अर्को सूचना गरिने छैन।

दरखास्त म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्मा भई सबैलाई असुविधा हुने हुँदा समयमा नै दरखास्त पठाउन सूचना गरिन्छ। साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, उल्लिखित दस्तूर नभएको र म्याद नाघी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। 262

दाखिल भएको दरखास्तउपर कुनै विचार हुने छैन। बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा उल्लिखित वस्तूरसहित विभागीय प्रमुख र विभागीय प्रमुख टाढा भए अड्डा प्रमुखको सिफारिश पेश गर्नुपर्छ।

दरखास्त फाराम एक प्रति निमित्त रू.।५० पचास पैसा मोलतिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ। दरखास्त फाराम झिकाउंदा चाहिने टिकट खर्च पनि साथै पठाउनु पर्छ।

सिफारिश हुन छानिएका उम्मेदवारले आफूले पेश गरेको दरखास्त फारामको प्रतिलिपि र प्रेषित प्रमाणपत्रहरूको प्रतिलिपिसमेत यस आयोगमा बुझाउनुपर्नेछ।

## विज्ञापन नं ७१

१) पद र स्थानः– श्री ५ को सरकार, सडक विभाग अन्तर्गत भैरहवा सब डिभिजनको निमित्त १ एकजना ओभरसियर नन् गजेटेड्, प्रथम श्रेणी, (प्राविधिक), स्थायी तथा पेन्सन पाइने।

२) आवश्यक न्यूनतम योग्यताः– सिभिल इन्जिनियरिंगमा डिप्लोमा प्राप्त।

३) वान्छनीय योग्यताः– सडक, पूलसम्बन्धी कामको अनुभवी र प्रयोगात्मक तालीम पाएको।

४) मासिक तलबको स्केलः– रू.२००।– देखि रू. ३७५।– सम्म।

५) महँगी भत्ताः– प्रचलित रूल नियमबमोजिम।

६) दरखास्त दस्तूरः– नगद रू. १।५० एक रुपैयां पचास पैसा।

७) अन्तर्वार्ता दस्तूरः– नगद रू. ७।– सात रुपैयां।

८) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः–०२१।१२।२।२

९) सम्पर्क मितिः–०२१।१२।३।३ का दिन ४ बजे।

१०) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनु पर्छ।

आज्ञाले–
उदयप्रसाद,
सचिव।

श्री ५ का सरकारको छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। २८४